आज मिति २०७८ असार २२ गते मङ्गलबार बिहान ११:०० बजे यस गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | देवमाया |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | गीता |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | |

सहभागी : श्री गोबिन्द घ्याकुरेल, लेखा अधिकृत

श्री जीतेन्द्र गिरी, अधिकृत छैठौं

श्री पदम बहादुर तामाङ, का.स.

मिति २०७८ असार [illegible] गते मंगलबार बसेको गाउँ कार्यपालिका बैठक[illegible] निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>ठेक्का तथा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुको काम अनिवार्य सम्पन्न गराउने सम्बन्धमा ।</td><td>मिति २०७८/०३/१८ मा गाउँ कार्यपालिकाको बैठकले म्याद थप गरेका तपसिलका योजनाहरुको चालु आ.व.को भुक्तानी अवधि २०७८/०३/२४ सम्म मात्र रहेको र कोरोना लगायत विषम परिस्थितिका कारण सम्झौता बमोजिमको काम थपिएको म्यादभित्र समेत गर्न नसक्ने भएकोले काम गर्ने वातावरण मिलाईदिनका लागि गाउँ कार्यपालिकालाई सम्बोधन गरी निर्माण व्यवसायीहरु/उपभोक्ता समिति पदाधिकारीहररुले काम सक्ने अवधि सहितको प्रतिवद्धता पत्र पेश गरेको हुनाले गाउँपालिकाबाट चेक जारी गरी रकम रोक्का राख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने तथा प्रतिवद्धता बमोजिमको कार्य सम्पन्न गर्ने/गराउने दायित्व, गाउँ कार्यपालिकाले लिने । कार्यसम्पन्न सुनिश्चित गर्न देहावमोजिमको कार्यसम्पादन समिति गठन गर्ने :<br>(क) अध्यक्ष - संयोजक<br>(ख) उपाध्यक्ष - सह-संयोजक<br>(ग) सम्बन्धित वडाका वडा अध्यक्षहरु - सदस्य<br>(घ) सम्बन्धित निर्माण व्यवसायि तथा उपभोक्ता समिति - सदस्य<br>तपसिल</td></tr>
</table>

| सि.नं. | ठेक्काको नाम | ठेक्का नं. | स्रोत | सम्झौता रकम |
|---|---|---|---|---|
| १ | स्वास्थ्य क्लिनिक भवन वडा नं. ५ | NCB/01 | संघीय शशर्त | ३७९३४५७.३९ |
| २ | जिर्गाहा चकमके मोटरबाटो निर्माण | NCB/03 | प्रदेश समपुरक | ३९३५४३३.३७ |
| ३ | चिसापानी डकाहा चकमके बाहुनतिल्पुङ्ग नवलपुर सडक | NCB/04 | प्रदेश समपुरक | ३६०६८५२.८८ |
| ४ | जिर्गाहा चकमके मोटरबाटो निर्माण | NCB/05 | प्रदेश समपुरक | ५६१०८०६.६३ |
| ५ | चिसापानी डकाहा चकमके बाहुनतिल्पुङ्ग नवलपुर सडक (२) | NCB/06 | प्रदेश समपुरक | ५७०७००२.८६ |
| ६ | भालुखोला सुन्दरफाँट लाम्पन्टार क्याम्पस माथिल्लो बजारसम्म मोटरबाटो निर्माण (२) | NCB/07 | प्रदेश समपुरक | २५७६४७३.२ |
| ७ | जम्वाबती भगवती गुफा संरक्षण तथा सम्वर्धन | NCB/08 | संघीय सशर्त | ३३५७५५४.२ |
| ८ | स्वास्थ्य क्लिनिक भवन वडा नं. ५ (२) | SQ/03 | संघीय सशर्त | १०६८०७७.१३ |
| ९ | कदमे महिला संजाल भवन निर्माण | SQ/05 | संघीय माननीय | १३३९३८४.९३ |
| १० | आजाद स्मृति भवन निर्माण | SQ/06 | संघीय माननीय | १३२९७७९.४८ |
| ११ | पुष्पलाल स्मृति भवन निर्माण | SQ/07 | प्रदेश माननीय | १५२८१९२.३४ |
| १२ | रेडक्रस उपशाखा भवन निर्माण | SQ/08 | संघीय माननीय | १३१८९९०.१३ |

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| २ | पाइप तथा जस्तापाता खरिद सम्वन्धमा । | पाइप तथा जस्तापाता खरिदको लागि यसअघि दुई पटक १५ दिनको म्याद राखी बोलपत्र आह्वान गर्दा निर्धारित म्यादभित्र आवेदन नपरेकोले ७ (सात) दिनको समय सीमा राखी पुनः बोलपत्रको सूचना प्रकाशन गर्ने गाउँपालिकाको निर्णयलाई अनुमोदन गर्ने । |
| ३ | प्रा.स्वा.के. बेलघारीको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धमा । | प्रा.स्वा.के. बेलघारीको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ पारित गर्ने । |
| ४ | सङ्घीय नियमावलीलाई नै पालिकाको नियमावली मानी कार्यान्वयन गर्ने सम्वन्धमा । | यस गाउँपालिकाको स्थानीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तयार नहुन्जेल सम्मका लागि सङ्घीय सरकारको *आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,* २०७७ कार्यान्वयनमा ल्याउने । |
| ५ | श्री चम्पादेवी मा.वि. घ्याम्पा गडाम्रेलाई अनुमति दिने सम्वन्धमा । | यस गाउँपालिकाको वडा नं. ६ मा रहेको श्री चम्पादेवी माध्यमिक विद्यालय घ्याम्पा गडाम्रेलाई कक्षा ११ र १२ सञ्चालन गर्न अनुमति दिने । |
| ६ | कार्यक्रम संशोधन सम्वन्धमा | आगामी गाउँसभाबाट अनुमोदन हुने गरी न्यायिक समिति तर्फ कार्यक्रमको सि.नं. ५ मा "११ वटै मा.वि.तहका विद्यार्थीहरुलाई १ दिने कानूनी प्रशिक्षण" शिर्षकमा विनियोजित रकम रु.३,२५,०००/- (तीन लाख पच्चिस हजार)" को शिर्षक संशोधन गरी "सूचीकृत मेलमिलापकर्ताहरुलाई २ दिने पुनःर्ताजकी तालिम" कायम गर्ने । |